DHURMUS-SUNTALI FOUNDATION

REACHING THE UNREACHED

# धुर्मुस सुन्तली फाउन्डेसन (DSF)

**"पहुँच नभएकोमा पुग्दै"**

# प्रचार, प्रसार, तथा प्रवर्द्धन सामाग्री उत्पादन, वितरण र प्रयोग सम्बन्धी निर्देशिका


**केन्द्रिय कार्यालय**

पुरानो बानेश्वर,काठमांडू, बागमती प्रदेश, नेपाल

०१-४४८२९७१

ईमेल: info@dhurmussuntali.org

वेबसाईट: www.dhurmussuntali.org


**"राष्ट्र निर्माण, तपाई हाम्रो अभियान"**

## १. धुर्मुस सुन्तली फाउन्डेसन प्रचार, प्रसार तथा प्रवर्द्धन सम्बन्धी निर्देशिका

धुर्मुस सुन्तली फाउन्डेसनको आयोज़नामा सञ्चालन हुने सम्पूर्ण प्रचार, प्रसार तथा प्रवर्द्धन कार्यलाई व्यवस्थित र योजनावद्ध वनाउने उद्देश्यले यो निर्देशिका तयार गरिएको हो। फाउन्डेसनको कार्यक्रम तथा परियोजनाको कार्यान्वयन, व्यवस्थापन तथा अनुगमन र मूल्यांकन कार्यमा संलग्न सम्पूर्ण संघ–संस्था, व्यक्ति र पदाधिकरीहरूले यस निर्देशिकाको प्रयोग गरी फाउन्डेसन सम्बन्धी प्रचार, प्रसार तथा प्रवर्द्धनको कार्यहरु संचालन गर्नु पर्नेछ।

### १.१. प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्री सम्बन्धी योजना र स्वीकृति

फाउन्डेसनको कार्यक्रम तथा परियोजना अंतर्गत गरिने सम्पूर्ण प्रचार, प्रसार तथा प्रवर्द्धन कार्यको वार्षिक र माशिक योजना तयार गर्नु पर्ने र वार्षिक तथा मासिक रुपमा सामाग्रिहरुको उत्पादन र प्रयोग वारेको प्रतिवेदन पेश गर्न पर्नेछ। फाउन्डेसन अंतर्गत उत्पादन तथा वितरण गरिने सम्पूर्ण प्रचार, प्रसार तथा प्रवर्द्धनका सामाग्रिहरु अंतर्गतको सन्देश, पटकथा, लेख, प्रतिवेदन, प्रस्तावना पत्र, वीडियो, डाकुमेन्ट्री, फिल्म, छापा सामाग्री लगायत संचार माध्यममा प्रस्तुत हुन वा अन्तरवार्ता दिन अघि फाउन्डेसनको अध्यक्ष वा निजले तोकेको व्यक्ति र प्रमुख कार्यकारी अधिकृतको पूर्व–स्वीकृति लीन पर्नेछ। अध्यक्ष वा निजले तोकेको व्यक्ति र प्रमुख कार्यकारी अधिकृतले यसरी स्वीकृति प्रदान गर्न अघि प्रचार, प्रसार तथा प्रवर्द्धनको स्वीकृत योजना अनुरूप भए/नभएको सुनिश्चित गर्न पर्नेछ।

### १.२. फाउन्डेसनको प्रत्येक व्यक्तिको जिम्मेवारी, उत्तर्दायित्व र जवाफदेहिता

फाउन्डेसन अंतर्गत उत्पादन तथा वितरण गरिने सम्पूर्ण प्रचार, प्रसार तथा प्रवर्द्धनका सामाग्रिहरु उत्पादन भएको एक हफ्ता भित्र वितरण गरिसक्नु पर्ने छ।

वितरण वा प्रासारण भएको सामाग्रीहरु निर्देशित ठाऊँ वा व्यक्तिले:

क. पाए/नपाएको

ख. प्रयोग भएको/नभएको

ग. सूचना सन्देश बुझे/नबुझेको

घ. संचार उद्देश्य अनुरूप व्यवाहरमा लागू गर्न मद्दत गरेको/नगरेको वारे सम्बंधित कार्यक्रम तथा परियोजनाको कर्मचारिले सुनिश्चित गर्ने र प्रतिवेदन पेश गर्नु पर्नेछ।

### १.३. फाउन्डेसनको आदर्श वाक्य तथा नारा

यस निर्देशिकाको विभिन्न भागमा जूनसुकई कुरा लेखेतापनि फाउन्डेसनको विशिस्ट चिनारी र पहिचान स्थापित गर्न धुर्मुस सुन्तली फाउन्डेसनको मूल आदर्श वाक्य नेपालीमा **"पहुँच नभएकोमा पुग्दै"** र अंग्रेजीमा "Reaching the Unreached" रहेको र संपूर्ण प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्रीहरुमा यही मूल आदर्श वाक्यलाई प्रयोगमा ल्याईने

छ। प्रत्येक प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्रीहरुमा नाम लेख्दा पहिले **"धुर्मुस सुन्तली फाउन्डेसन"** र त्यसको ठीक तल **"पहुँच नभएकोमा पुग्दै"** राखिने छ।

## १.४. धुर्मुस सुन्तली फाउन्डेसनको १५ वर्ष (२०७२ देखि २०८६) सम्मको नारा

नेपालीमा **"राष्ट्र निर्माण, तपाई हाम्रो अभियान"** र अंग्रेजीमा "Together, Towards Building the Nation" रहने व्यवस्था गरिएको छ। प्रत्येक प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्रीहरुको तल्लो वा अंतिम भागमा **"राष्ट्र निर्माण, तपाई हाम्रो अभियान"** र अंग्रेजीमा "Together, Towards Building the Nation" राखिने छ।

## १.५. फाउन्डेसनको लोगो

फाउन्डेसन को लोगो हरियो रेखाले बनिएको महिला र पुरुष काँधमा काँध मिलाएर अघि बढेको जस्तै देखिने आकारको हुनेछ जसले प्रत्येक नेपाली महिला र पुरुस, युवा र युवती, बालबालिका तथा किशोरकिशोरिहरुको प्रतिनिधित्व गर्नेछ। साथै चस्मा जस्तो आकारले सवै नेपालीको नारा **"राष्ट्र निर्माण, तपाई हाम्रो अभियान"** को परिकल्पनालाई प्रतीनिधित्व गर्ने छ। लोगोमा २ वटा हात जस्तो देखिने रेखाले फाउन्डेसनको **"पहुँच नभएकाहरुमा पुग्दै"** भन्ने आदर्श वाक्यलाई जनाउने छ।

DHURMUS-SUNTALI FOUNDATION
REACHING THE UNREACHED

## १.६. यस निर्देशिकामा प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्री भन्नाले:

धुर्मुस सुन्तली फाउन्डेसन तथा यस अंतर्गत कार्यान्वयन गरिने सम्पूर्ण कार्यक्रम तथा परियोजनाहरुको प्रचार, प्रसार तथा प्रवर्द्धन गर्न १. रेडियो, २. टेलीभिजन, ३. पत्र–पत्रिका, प्रतिवेदन, प्रस्तावना पत्र, आधिकारिक पत्र आदि ४. फेसबुक, ट्विट्टर, युट्यूव, इन्स्टाग्राम, टिक–टक ५. मौखिक प्रचार तथा अंतरव्यक्ति माध्यम, ६. ब्रोस्युर वितरण, ७. नेपाल दूरसंचार संगको सहकार्य संभव भए **SMS** प्रचार, प्रसार ८. कार्यक्रम हुने सवै स्थानहरुमा प्रयोग हुने व्यानर, टिकट, पास, ब्रोस्युर आदि प्रयोगमा ल्याईने हुंदा यी सवैको समुचित प्रयोगलाई प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्री भनी बुझ्न पर्दछ। साथै टेलीभिजन, रेडियो तथा धुर्मुस सुन्तली फाउन्डेसनको आधिकारिक **Facebook** र **YouTube** मा बिभिन्न कार्यक्रम तथा क्रियाकलापरुको समय समयमा प्रत्यक्ष प्रसारणका लागि पनि पहल गरिनेछ।

## १.७. छापा सामाग्रिहरुमा प्रयोग हुने फोन्टहरु

१.७.१. नेपाली भाषामा फाउन्डेसनको आधिकारिक दस्तावेजहरू तयार गर्दा नेपाली फोन्टहरु जस्तै:

क. मंगल (बडी) – कवर पेजमा १८ देखि २४, भित्रको भागमा १६ साईज सम्म र हेडिंग १८ सम्म गर्न सकिने।

ख. कोकिला (Google)– कवर पेजमा १८ देखि २४, भित्रको भागमा १६ साईज सम्म र हेडिंग १८ सम्म गर्न सकिने।

ग. प्रीती – कवर पेजमा १६ देखि २२, भित्रको भागमा १४ साईज सम्म र हेडिंग १६ सम्म गर्न सकिने।

घ. पेज नंबर र बुलेटको प्रयोग गर्दा फोन्टासी हिमालीको (Fontasy Himali) प्रयोग फोन्टको साईज अनुसार १२ देखि माथीको साईजमा प्रयोग गर्न सकिनेछ।

ङ. अनुच्छेदको (Paragraph) को दायरा single वा १.५ गर्न सकिनेछ।

१.७.२. अंग्रेजी भाषामा फाउन्डेसनको आधिकारिक दस्तावेजहरू तयार गर्दा अंग्रेजी फोन्टहरु जस्तै:

क. Calibri Light Heading (केलिब्री लाईट हेडिंग) र Calibri Body (केलिब्री लाईट) – कवर पेजमा १६ देखि २२, भित्रको भागमा १२ साईज सम्म र हेडिंग १४ सम्म गर्न सकिने।

ख. Times New Roman (टाइम्स न्यू रोमन) – कवर पेजमा १४ देखि २२, भित्रको भागमा १२ साईज सम्म र हेडिंग १४ सम्म गर्न सकिने।

ग. अंग्रेजीमा पेज नंबरमा र बुलेट उस्तै फोन्ट र साईजको प्रयोग गर्न सकिनेछ।

घ. अनुच्छेदको (Paragraph) दायरा single वा १.५ सम्म गर्न सकिनेछ।

यसका साथै नेपाल सरकारको लोगो प्रयोग गर्दा सिम्रिक (रातो) रंगको फोन्ट (अक्षर) प्रयोग गर्ने र सरकारको सहयोग प्राप्त कार्यक्रम तथा परियोजनाहरूको प्रचार प्रसार तथा प्रवर्द्धन सामाग्रिहरुमा नेपाल सरकार र अंतर्गतका संस्थाहरुको लोगो अनिवार्य प्रयोग गर्नु पर्नेछ। व्यानर तथा पोस्टरको हकमा – साईज अनुरूप फोन्ट को प्रयोग गर्न सकिनेछ।

## २. प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्री, माध्यम तथा लोगो प्रयोग प्रक्रिया

### २.१. प्रचार, प्रसार तथा प्रवर्द्धन गर्न प्रयोग गरिने माध्यमहरु

क. रेडियो – सवै भाषामा

ख. दृश्य सामाग्रीहरु – सवै भाषामा

ग. पत्र–पत्रिका – ५० देखि १०० सीसी सम्म वा सो भन्दा बढ़ी

घ. सामाजिक संचार माध्यम:

- फेसबुक (Facebook)– पोस्ट तथा लाईभ
- ट्विट्टर (twitter) – ५० केरेक्टर सम्मको सन्देशहरु
- युटूव (YouTube) – वीडियो अपलोड गरिने
- इन्स्टाग्राम (Instagram) – सवै छापा सामाग्रीको इ–कपी अपलोड गरिने
- टिक–टक (TikTak) – छोंटो विडियो सन्देश अपलोड गरिने

ङ. ब्रोस्युर (Brochure) – विभिन्न साईजको

च. एसएम्एस (SMS) – ५० केरेक्टर सम्मको सन्देशहरु

छ. व्यानर (Banner):

- वाटो माथी वा छेवमा – १०/३ फीट
- कार्यक्रम हुने स्थानमा ६/३ फीट
- मंचमा – वेकड्राप ३०/१२ फीट
- मंचको साइडमा – २०/१२ फीट
- स्टल तथा अन्य ठाऊँहरुमा – ८/३ फीट

ज. स्टीकर (Sticker) – ४/४ इंच सम्म वा आवश्यकता अनुसारको साईजमा

### २.२. प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्रीहरुमा प्रयोग हुने वस्तुहरु

धुर्मुस सुन्तली फाउन्डेसन को प्रायोजन लागि प्रयोगमा ल्याईने सवै प्रचार, प्रसार तथा प्रवर्द्धनका सामाग्रीहरु सक्दो पर्यावरण मैत्री र प्राकृतिक रूपले सुरक्षित वस्तुहरु जस्तै: कपड़ा, बांस, माटो, पर्यावरण मैत्री रंग, खर, काठ आदिको प्रयोगवाट तयार गर्नु पर्नेछ। यदि फ्लेक्स प्रयोग भएको अवस्था भए त्यसको प्रयोग पश्चात सुरक्षित प्रकारले विसर्जन गर्ने योजना सहित प्रयोग गर्नु पर्नेछ।

## २.३. नेपाल सरकार, धुर्मुस सुन्तली फाउन्डेसन र साझेदारी संस्थाहरुको लोगो प्रयोग गर्ने प्रक्रिया

सरकार, फाउन्डेसन र साझेदारी संस्थाहरुको संयुक्त कार्यक्रममा संलग्न हुने सम्पूर्ण संघ–संस्था, प्रायोजक तथा सरकारी निकायहरुले प्रत्येक प्रचार, प्रसार तथा प्रवर्द्धन सामाग्रिहरुको विकास, प्रयोग र वितरण गर्दा आफ्नो संस्थाको लोगो तल देखाए अनुसार छापा सामाग्रीको सवैभन्दा तल्लो भागमा अक्षर र लोगो प्रस्ट पढन र देख्न सकिने गरि प्रयोग भएको सुनिश्चित गर्न पर्नेछ ।

**चित्र १: नेपाल सरकार र फाउन्डेसनको साझेदारी कार्यक्रम तथा परियोजनाहरुको लागी:**

DHURMUS-SUNTALI FOUNDATION

नेपाल सरकार

**चित्र २: नेपाल सरकार र अन्य साझेदारी संस्थाहरुसंग हुने कार्यक्रम तथा परियोजनाहरुको लागी:**

साझेदारी संस्था

DHURMUS-SUNTALI FOUNDATION

नेपाल सरकार

**चित्र ३: गैर–सरकारी संस्थाहरुसंग हुने कार्यक्रम तथा परियोजनाहरुको लागी:**

साझेदारी संस्था

DHURMUS-SUNTALI FOUNDATION

## २.४. अन्य व्यवस्था:

धुर्मुस सुन्तली फाउन्डेसन को प्रचार, प्रसार तथा प्रवर्द्धन सम्बन्धी थप जानकारी वा जिज्ञासा भए वैठकहरुमा थप स्पस्टिकरन सहित प्रदान गरिनेछ वा **अनुसूची १** मा उल्लेख सम्बंधित व्यक्तिसंग संपर्क गर्न सकिने छ ।

**अनुसुचि – १**

## १. फाउन्डेसनको पहिचान रंग:




## २. फाउन्डेसनको लोगो:

DHURMUS-SUNTALI
FOUNDATION
REACHING THE UNREACHED

## ३. फाउन्डेसनको आदर्श वाक्य:

क. नेपालीमा "**पहुँच नभएकोमा पुग्दै**"

ख. अंग्रेजीमा "**Reaching the Unreached**"

## ४. फाउन्डेसनको १५ वर्ष (२०७२ देखि २०८६) सम्मको नारा:

क. नेपालीमा "**राष्ट्र निर्माण, तपाई हाम्रो अभियान**"

ख. अंग्रेजीमा "**Together, Towards Building the Nation**"

**अन्य व्यवस्था:**

धुर्मुस सुन्तली फाउन्डेसन को प्रचार, प्रसार तथा प्रवर्द्धन सम्बन्धी थप जानकारी वा जिज्ञासा भए फाउन्डेसनको मीडिया संयोजक श्री. दिबस हूँमागाई – मोबाईल न. ९८५११७३०३२ वा कार्यालय अवधिमा +९७७–०१–४४८२९७१ वा ईमेल: hmc@dhurmussuntali.org मा संपर्क गर्न सकिनेछ ।